# अध्याय एक

# शोध परिचय

## १.१ शोधप्रबन्धको शीर्षक

परापूर्वकालदेखि अपराध मानव समाजको अभिन्न अङ्ग भएको छ। मान्छेले सामाजिक रूपमा आफूलाई स्थापित गर्नु भन्दा पूर्वकालदेखि नै मानवीय स्वभावमा  आपराधिक मानसिकता निहित रहेको छ। अपराधले मानवीय समाजलाई मानसिक र शारीरिक रूपमा प्रभावित गर्छ र मानवतालाई नै क्षतिग्रस्त पार्छ। सामाजिक नियमको उल्लङ्घन, धार्मिक दृष्टिबाट गर्न नहुने आचरण, कानुनद्वारा वञ्चित गरिएका कार्य गर्नु जस्ता कुरालाई अपराध भनिएको छ। प्रत्येक समाजमा केही न केही आपराधिक घटनाहरू भइरहन्छन्। कानुनको उलङ्घन गरेर आपराधिक कृत्यहरू गरिएको भेटियो भने त्यसलाई कानुनी अपराध मान्दै दण्ड दिने कार्य न्यायपालिकाले गर्छ। मानव समाजमा परापूर्वकालदेखि विद्यमान रहेको अपराधलाई साहित्यले पनि समावेश गर्दै आएको देखिन्छ। साहित्यले अपराधका विभिन्न स्वरूपको सामाजिक विश्लेषण गरेर यसबाट मानवीय समाजलाई हुने क्षति देखाई प्रत्यक्ष परोक्ष रूपमा समाजलाई सचेत गर्दै आइरहेको छ। साहित्यले मानवीय चेतनामा अपराधप्रति घृणा र विरोध भाव उत्पन्न गराउने उद्देश्य राखेको देखिन्छ। नेपाली साहित्यमा पनि समाजमा विद्यमान आपराधिक वृत्तिहरूमा आधार गरेर यसप्रकारको साहित्य लेखिएको पाइन्छ। आपराधिक विषयवस्तुलाई चित्रण गर्नु आख्यानमा सहज हुने भएकाले नेपाली साहित्यमा अपराध चित्रण विशेष गरी उपन्यास विधामा अधिक रहेको देखिन्छ। आपराधिक कृत्यको वर्णन र चित्रणको दृष्टिले भीम दाहालका उपन्यासहरू अपराधवृत्तिको आधिकारिक कथावस्तुमा आधारित रहेको देखिन्छ। यसरी अपराधमा आधारित भीम दाहालका उपन्यासहरूको अध्ययन गर्ने उद्देश्य राखेर प्रस्तुत शोधप्रबन्धको शीर्षक **भीम दाहालका उपन्यासमा पाइने अपराधवृत्तिको विश्लेषण** राखिएको छ।

## १.२ समस्याकथन

भीम दाहालका कथा र उपन्यासहरूबारे केही परिचयात्मक लेखहरू लेखिएका छन् भने विभिन्न विश्वविद्यालयमा स्नातक र स्नातकोत्तर तहमा केही सङ्गोष्ठी पत्र र सत्रान्त पत्रहरू पनि प्रस्तुत गरिएको पाइन्छ। यसो भए तापनि अपराधवृत्तिलाई मूल समस्या मानेर भीम दाहालका उपन्यासको अध्ययन विश्लेषण भने भएको पाइँदैन। त्यसैले प्रस्तावित विषयमा केन्द्रित भएर अध्ययन गर्दा निम्नलिखित समस्याहरू देखिन्छन्-

- अपराध भन्नाले के बुझिन्छ र यसका प्रकृति र सीमा के कस्ता हुन्छन्? उपन्यासका सन्दर्भमा अपराधको परिपाटी के कस्तो हुन्छ?
- भीम दाहालका उपन्यासकारहरूमा अपराधवृत्तिको स्वरूप कस्तो छ?
- अपराधशास्त्री, समाजशास्त्री र मानवशास्त्रीहरूले व्याख्या र वर्गीकरण गरेको आधारमा भीम दाहालका उपन्यासहरूमा अपराधवृत्तिको व्याख्या, विश्लेषण र वर्गीकरण कसरी गर्न सकिन्छ र यसबाट प्राप्त निष्कर्ष के-के हुनसक्छन्?
- भीम दाहालका उपन्यासमा पाइने अपराधवृत्तिका मुख्य विशेषता के के हुन्? र तिनका विषयगत सन्दर्भले के कस्ता कुराहरूलाई सङ्केत गरेका छन्?
- समाजमा भइरहने अपराधलाई आफ्ना उपन्यासमा समेट्न भीम दाहाल के कति सफल भएका छन्? यस विषयमा तिनका उपन्यासहरूको मूल्याङ्कन कसरी गर्न सकिन्छ?

माथि उल्लेख गरिएका समस्याहरूमा केन्द्रित भई यस शोधकार्यमा समाधान प्राप्त गर्ने प्रयास गरिएको छ। माथि उल्लिखित समस्याहरूलाई ध्यानमा राख्दै यस शोधप्रबन्धमा भीम दाहालका तीनवटा उपन्यासको अध्ययन गरिएको छ।

## १.३ शोधकार्यको उद्देश्य

यस शोधप्रबन्धको समस्याकथनमा उठान गरिएका कुराहरूको समाधान गर्नु नै प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ। प्रस्तुत शोध-प्रबन्धका उद्देश्यलाई बुँदागत रूपमा निम्न प्रकारले हेर्न सकिन्छ-

- अपराध, अपराधी र अपराधशास्त्र शब्दको अर्थ, परिभाषा, प्रकार, प्रकृति, सीमा, विशेषता आदिबारे सैद्धान्तिक आधारहरूको खोजी गर्नु।
- भीम दाहालका उपन्यासमा वर्णित अपराधवृत्तिको चित्रण र निरीक्षण गर्नु।
- अपराधवृत्तिका विविध पक्ष र स्वरूपको आधारमा दाहालका उपन्यासहरूको विश्लेषण गर्नु।
- मानवशास्त्री, समाजशास्त्री र अपराधशास्त्रीहरूले वर्गीकरण गरेको अपराधका आधारमा भीम दाहालका उपन्यासमा पाइने अपराधवृत्तिको अध्ययन विश्लेषण गरी मूल्याङ्कनपरक निष्कर्ष दिनु।
- अपराधवृत्तिको सैद्धान्तिक मानदण्डका आधारमा भीम दाहालका उपन्यासहरूको विशेषता खुट्ट्याउनु।

उपर्युक्त बुँदाहरूका आधारमा प्रस्तुत शोधकार्यको अध्ययन केन्द्रित रहेको छ अनि यसै क्रममा अध्ययनको निष्कर्ष पनि हेरिएको छ। यो शोधकार्य प्राज्ञिक प्रयोजनको पूर्तिका लागि पनि गरिएको हुँदा शोधकार्य सम्पन्न गरी उत्तरबङ्ग विश्वविद्यालयबाट पिएचडी डिग्री प्राप्त गर्नु पनि यसको उद्देश्यमा अन्तर्भुक्त छ।

## १.४ पूर्वकार्यको सर्वेक्षण

भीम दाहाल समाजका विविध पक्षलाई टिपेर उपन्यास लेख्छन्। उनका उपन्यासहरूमा सिक्किम र दार्जिलिङका राजनैतिक घटनाहरूलाई प्रायः हेरिएको पाइन्छ। भीम दाहालका उपन्यासबारे विद्वान प्राज्ञहरूले दुई एक पक्षमा केन्द्रित भई अध्ययन गरेको पाइन्छ। उनकै उपन्यासमा लेखिएका भूमिकाहरू, विविध पत्र-पत्रिका, विश्वविद्यालयतिर स्नातक र स्नातकोत्तर तहमा भएका सङ्गोष्ठी पत्र,

सत्रान्त र एम फिल तहमा गरिएका लघु शोधकार्य आदिमा दाहालका उपन्यासबारे अध्ययन भएको पाइन्छ। पूर्वकार्यको सर्वेक्षण अन्तर्गत यस शोधकार्यका निम्ति छनौट गरिएका उपन्यासहरूबारे लेखिएका लेख-रचना र उपन्यासको भूमिका साथै अन्य नेपाली उपन्यासहरूका सन्दर्भमा आएका चर्चा-परिचर्चाहरू पनि समेटिएका छन्। यस क्रममा समालोचनाका पुस्तक, भूमिका, पत्र-पत्रिकाका लेख, शोध प्रबन्ध आदि संलग्न छन्। भीम दाहालबारे यसअघि भएका अध्ययनकार्यबारे निम्नप्रकारले टिप्पणी गर्न सकिन्छ-

- भीम दाहालको प्रथम प्रकाशित उपन्यास **अभीष्टको खोज** (१९९२) हो। यसमा भूमिका त छैन तथापि उपन्यास आरम्भ गर्नु भन्दा अघि उपन्यासकारले यो उपन्यास पारिजातलाई समर्पण गर्दै लेखेका छन्- 'दिदी पारिजातलाई – एक अँजुली लालपाति सहित फेरि फेरि जन्मिदिनु गरीबको साँचो गीत गाउनलाई।'[1] उनको यस समर्पण वाक्यबाट उनी पारिजातबाट प्रभावित भएको अनि उनलाई आफ्नो आदर्श ठानेको सङ्केतसम्म पाउन सकिन्छ।
- भीम दाहालको दोस्रो उपन्यास **द्रोह** (२००२) हो। यस उपन्यासको भूमिकामा "प्राक्कथन" शीर्षक दिएर प्रेम कार्कीले उनलाई सिक्किमेली समाजको याथार्थिक वर्णन गर्ने उपन्यासकार मानेका छन्। कार्कीको भनाइअनुसार यसमा सामाजिक रूढि, धार्मिक रूढि, राजनैतिक चाल र हिंसा आदिलाई स्वाभाविक रूपमा चित्रण गरिएको छ।[2]
- दाहालको तेस्रो उपन्यास **विद्रोह** (२००५) हो। यसको भूमिका "विद्रोहको घोषणा र यसको मेनिफेष्टो" शीर्षक दिएर विजयकुमार सुब्बाले लेखेका छन्। यसमा सुब्बाले प्रगतिवादी धाराको व्याख्या गर्दै भीम दाहाल अन्यतम प्रगतिवादी उपन्यासकार हुन् भनेका छन्। समाजमा आमूल परिवर्तनका निम्ति विद्रोह अत्यावश्यक रहेको कुरा यसको भूमिकामा भनिएको छ।[3]
- मोहन पी दाहाल र अन्यद्वारा सम्पादित **नेपाली जर्नल**, वर्ष १, अङ्क १ मा पुष्कर पराजुलीले **समकालीन नारीवादी आलोचनाका सन्दर्भमा अभीष्टको खोज** शीर्षक

[1] भीम दाहाल, सन् १९९२, **अभीष्टको खोज**, दोस्रो संस्करण, गान्तोक, जनपक्ष प्रकाशन

[2] भीम दाहाल, सन् २००६, **द्रोह,** दोस्रो संस्करण, गान्तोक, जनपक्ष प्रकाशन

[3] भीम दाहाल, सन् २००५, **विद्रोह**, निमटार, पूर्व सिक्किम, प्रतिमा दाहाल प्रकाशन

दिएर दाहालको अभीष्टको खोज उपन्यासको नारीवादी अध्ययन गरेका छन्। नारीवादको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दै उनले यस उपन्यासलाई नारी अस्मितामा आधारित उपन्यास मानेका छन्।[4]

- देवी पन्थीले **भारतीय नेपाली साहित्य र संस्कृतिको झलक** नामक पुस्तकमा भारतीय नेपाली साहित्यकार अन्तर्गत उपन्यास खण्डमा भीम दाहालको नाम उल्लेख गरी सामान्य चर्चा मात्र गरेका छन्।[5]

- घनश्याम नेपालले **नेपाली साहित्यको परिचयात्मक इतिहास**मा दाहाललाई उत्तर प्रयोगकालीन उपन्यासका एकजना प्रबल स्तम्भ मानेका छन्। दाहाललाई यस कालका मुख्य स्तम्भका रूपमा चर्चा गर्दै अभिव्यक्तिको आलोचनात्मकता उनका कथा र कवितामा जस्तै उपन्यासमा पनि टड्कारो छ भन्ने विचार प्रकट गरेका छन्।[6]

- डा खगेन्द्रप्रसाद लुइटेलको **नेपाली उपन्यासको इतिहास** नामक ग्रन्थमा भीम दाहालबारे चर्चा गर्दै उनलाई द्वन्द्ववादी उपन्यासकार मानिएको छ। लुइटेलले उनलाई प्रगतिवादी उपन्यासकार मानेका छन् औ आधुनिककालको चौथो चरणका मुख्य उपन्यासकारहरूका सूचीमा समेत दाहाललाई राखेका छन्।[7]

- दीपक तिवारीले **सिक्किमको नेपाली साहित्यिक इतिहास परम्परा स्वरूप र प्रवृत्ति** नामक पुस्तकमा कथाकार र उपन्यासकारका रूपमा दाहालको चर्चा गरेका छन्। तिवारीले दाहालका कथामा अस्तित्ववादी चिन्तनको टड्कारो प्रक्षेपण, प्रगतिवादी विचारको प्रतिपादन र सामाजिक यथार्थवादी प्रवृत्तिको प्रकटीकरण पाइन्छ भनेका छन्। उपन्यासकारका रूपमा चर्चा गर्दै तिवारीले भीम दाहाललाई नेपाली उपन्यासमा सर्वत्र ख्याति आर्जित गरेका सशक्त सिक्किमेली उपन्यासकार मानेका छन्।[8]

---

[4] मोहन पी दाहाल र अन्य (सम्पा), सन् २००१-०२, **नेपाली जर्नल**, नेपाली विभाग उत्तरबङ्ग विश्वविद्यालय, वर्ष १, अङ्क १, पृ १०७ - ११२

[5] देवी पन्थी, वि सं २०६१,**भारतीय नेपाली साहित्य र संस्कृतिको झलक**, आँखा स्वयंसेवी प्रकाशन संघ, पृ ५६

[6] घनश्याम नेपाल, सन् २००९, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, एकता बुक हाउस सिलगढी, पृ १३४

[7] डा खगेन्द्रप्रसाद लुइटेल, वि सं २०६९, **नेपाली उपन्यासको इतिहास**, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, पृ २६८

[8] दीपक तिवारी, सन् २०१३**, सिक्किमेली नेपाली साहित्यको इतिहास परम्परा, स्वरूप र प्रवृत्ति**, नाम्ची ,रमा प्रकाशन, पृ १६३

- सुदर्शन श्रेष्ठले **सर्जक संवाद** नामक ग्रन्थमा भीम दाहालको अन्तवार्ता प्रस्तुत गरेका छन्। यस ग्रन्थको परिचय खण्डमा श्रेष्ठले भीम दाहाललाई समाजवादी यथार्थवादी धाराका सशक्त लेखकका रूपमा चिनाएका छन्।[9]

- **सन्धान** पत्रिकामा अमीर ठटालको लेख "भीम दाहालको रगतको हस्ताक्षर एक पाठकीय चिन्तन"-मा दाहालका कविताहरूको सामान्य चर्चा गर्दै उनलाई क्रान्तिकारी कविका रूपमा चर्चा गरिएको छ।[10]

- किरणकुमार राई सम्पादित **देशवार्ता** नेपाली साप्ताहिकमा "कवि भीम दाहाल" शीर्षक दिएर उनका कविताहरूको सामान्य चर्चा गरिएको पाइन्छ।[11]

- सुवास दीपकद्वारा सम्पादित सिक्किम अकादेमीको वार्षिक पत्रिका **सृजन समय** (२००९) -मा पारसमणि शमको "समकालीन सिक्किमेली उपन्यासका केही नारी चरित्र" नामक लेख प्रकाशित भएको पाइन्छ। यस लेखमा उनले सिक्किमका उपन्यासहरूको सामाजिक, राजनैतिक स्थिति र अवस्था आदिको चित्रण गरेको पाइन्छ। शमले यसमा भीम दाहालका तीनैवटा उपन्यासको समीक्षात्मक अध्ययन गरी यिनको **अभीष्टको खोज** उपन्यासलाई नायिकाप्रधान उपन्यास मानेका छन्। [12]

- नेपाली साहित्य परिषद्, सिक्किमद्वारा प्रकाशित **कनका** (वर्ष : १९, अङ्क :१, पूर्णाङ्क : १९ , अप्रेल-मई २०१३) मा लीला लुइटेलको 'उपन्यासकार भीम दाहालको 'द्रोह' उपन्यासको विश्लेषण' शीर्षक लेख प्रकाशित पाइन्छ। यस लेखमा उपन्यासका तत्त्वहरूका आधारमा *द्रोह* उपन्यासको विश्लेषण गरिएको छ। [13]

- नवीन पौड्यालको पुस्तक कृति **सन्धान** (२०२०)-मा सङ्कलित लेख "अभीष्टको खोज नारीवादी की यौनमनोवैज्ञानिक"-मा उपन्यासलाई नारीवादी र मनोवैज्ञानिक दुवै पक्षबाट

---

[9] सुदर्शन श्रेष्ठ, सन् २००६**, सर्जक संवाद**, नाम्ची, निर्माण प्रकाशन, पृ १५९ -२२४

[10] महानन्द पौड्याल (सम्पा), सन् २००६, **सन्धान**, पाकिम सिक्किम, अङ्क ५, प्रकाशक अनिल शर्मा

[11] किरणकुमार राई (सम्पा), सन् २००९, **देशवार्ता**, वर्ष १९, अङ्क २५, गुवाहाटी

[12] सुवास दीपक (सम्पा), सन् २००९, **सृजन समय,** गान्तोक, सिक्किम अकादमी

[13] नेपाली साहित्य परिषद्, अप्रेल मई-२०१३, **कनका**, सिक्किम, वर्ष : १९अङ्क , :१पूर्णाङ्क , : १९

केलाउने काम भएको छ। यस लेखको निष्कर्षमा उनले यस उपन्यासलाई सफल यौनमनोवैज्ञानिक उपन्यास मानेका छन्।[14]

### १.४.१ इन्टरनेटमा प्रस्तुत पूर्वकार्य

इन्टरनेट वेभसाइट **मझेरी डट कम**-मा प्रस्तुत पारसमणि शमको "समकालीन सिक्किमेली नेपाली साहित्यको परिचयात्मक अध्ययन" लेखमा भीम दाहाललाई प्रयोगवादी उपन्यासकारका रूपमा चिनाइएको पाइन्छ। शमले **अभीष्टको खोज** उपन्यासलाई नारीमुखी उपन्यास मानेका छन् एवम् यस उपन्यासमा नारीमाथि पुरुषवर्गको शोषण, दमनलाई खुल्ला रूपमा प्रस्तुत गरिएको छ भन्ने कुरामा जोड दिएका छन्। **द्रोह** उपन्यासलाई प्रगतिवादी उपन्यासको संज्ञा दिँदै सूत्रात्मक रूपमा पात्रहरूको नामकरण गर्ने उपन्यासकार दाहालको परिपाटीलाई चर्चामा ल्याएका छन्। पारसमणि शमले **विद्रोह** उपन्यासको चर्चा गर्ने क्रममा भीम दाहाल मार्क्सवादी चिन्तनधाराबाट बढी प्रभावित भएको देखाएका छन्। यस लेखमा उनले दाहालका उपन्यासहरूमा वर्णित अपराधवृत्तिको मूल्याङ्कन साम्यवादी दृष्टिकोणबाट गरेका छन्।

### १.४.२ शोध प्रबन्धमा प्रस्तुत पूर्वकार्य

- शारदा छेत्रीले ई सं २०१९ मा सिक्किम विश्वविद्यालय, नेपाली विभागबाट विद्यावारिधि उपाधिका निम्ति गरेको शोधकार्यको विषय **भीम दाहालको उपन्यासमा नारी पुरुष सम्बन्ध** रहेको छ। यस शोधकार्यमा उनले नारी पुरुषको सम्बन्धमा केन्द्रित भएर दाहालका उपन्यासहरुको अध्ययन, विश्लेषण गरेकी छन्। यस शोधप्रबन्धको प्रथम अध्याय शोधको अवधारणामा केन्द्रित रहेको छ भने दोस्रो अध्यायमा उनले समाजशास्त्रीय दृष्टिकोणले नेपाली समाजमा नारी-पुरुष सम्बन्ध अन्तर्गत नारी पुरुषबिचको लैङ्गिकताको अवधारणा, पारिवारिक

[14] नवीन पौड्याल, सन् २०२०, **कृति सन्धान**, सिलगडी, नई इन्डिया प्रकाशन, पृ १२२-१२८

सम्बन्ध, वैवाहिक सम्बन्ध, धार्मिक सम्बन्ध, आर्थिक सम्बन्ध, साइनो सम्बन्ध, मनोवैज्ञानिक सम्बन्ध, सामाजिक सम्बन्ध, राजनीतिक सम्बन्ध आदि सैद्धान्तिक अवधारणाको व्याख्या गरेकी छन्। तेस्रो अध्यायमा उनले उपन्यासकारका रूपमा भीम दाहालको परिचय दिएर उनका उपन्यासहरुको मूल्याङ्कन गरेकी छन्। चौथो अध्यायमा भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धको अध्ययन गर्दै उनका उपन्यासहरूमा पाइने नारी-पुरुष सम्बन्धका विभिन्न पक्षको विश्लेषण गरेकी छन्। पाँचौँ अध्यायमा भीम दाहालका उपन्यासमा नारी-पुरुष सम्बन्धको अध्ययन विश्लेषण गरेर शोधको निष्कर्ष दिएकी छन्।[15]

- दुर्गाप्रसाद शर्माको ई सं २००९ मा उत्तरबङ्ग विश्वविद्यालय, नेपाली विभागबाट एम फिल उपाधिका निम्ति प्रस्तुत गरिएको शोधकार्यको विषय **भीम दाहालका उपन्यासहरूको समाजशास्त्रीय अध्ययन** रहेको छ। यस शोधकार्यमा उनले दाहालका उपन्यासहरूको अध्ययन-विश्लेषण समाजशास्त्रीय दृष्टिकोणबाट गरेका छन्।[16]
- सोनु शेर्पाको ई सं २०१७ मा उत्तरबङ्ग विश्वविद्यालय, नेपाली विभागबाट एम फिल उपाधिका निम्ति प्रस्तुत गरिएको शोधकार्यको विषय **गुरुप्रसाद मैनालीका कथामा अपराधतत्त्व** रहेको छ। यस शोधकार्यमा उनले मैनालीका कथाहरुको अध्ययन, विश्लेषण अपराधतत्त्वका परिप्रेक्ष्यमा गरेकी छन्। यसको दोस्रो अध्यायमा उनले गुरुप्रसाद मैनालीको व्यक्तित्व र कृतित्वको अध्ययन, तेस्रो अध्यायमा अपराधको सैद्धान्तिक अवधारणा, चौथो अध्यायमा अपराधका प्रकारहरूका आधारमा मैनालीका कथाको विवेचना गर्दै पाँचौँ अध्यायमा निष्कर्ष दिएकी छन्।[17]

उल्लिखित पूर्वकार्यहरूको अवलोकन गर्दा सबैले भीम दाहालका सृजनकार्यको प्रशंसा गरेका छन्। उनीबारे भएका पूर्वकार्यको सर्वेक्षण गर्दा स्फुट रूपमा मात्रै उनका उपन्यासहरूको मूल्याङ्कन

[15] शारदा छेत्री, सन् २०१९, **भीम दाहालका उपन्यासमा नारी पुरुष सम्बन्ध**, विद्यावारिधि शोध प्रबन्ध (अप्रकाशित), नेपाली विभाग, सिक्किम विश्वविद्यालय

[16] दुर्गाप्रसाद शर्मा, सन् २००९, **भीम दाहालका उपन्यासहरूको समाजशास्त्रीय अध्ययन**, एमफिल शोध प्रबन्ध (अप्रकाशित), नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

[17] सोनु शेर्पा, सन् २०१७, **गुरुप्रसाद मैनालीका कथामा अपराधतत्त्व**, एमफिल शोध प्रबन्ध (अप्रकाशित), नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय

भएको पाइन्छ। उनका उपन्यासको मूल भावभूमि राजनीति एवम् अपराधवृत्तिमा आधारित पाइन्छ। यसै विषयवस्तुलाई केन्द्रमा राखेर हेर्दा उपन्यासबारे यस किसिमको शोधमूलक अध्ययन विद्यावारिधि स्तरमा अद्यावधि भएको पाँइदैन। अपराधलाई नै केन्द्रीय कथ्यका रूपमा राखेर भीम दाहालका उपन्यासहरूबारे कुनै प्राज्ञिक अध्ययन भएको पाइँदैन। त्यसैले उक्त शीर्षकमा ओपचारिक रूपमा प्राज्ञिक अध्ययन आवश्यक ठानिएको हो।

### १.५ शोधकार्यको आवश्यकता र औचित्य

भीम दाहालका तीनवटा उपन्यास प्रकाशित छन्। यी उपन्यासहरूको अध्ययन गर्दा तीनैवटा उपन्यास अपराधवृत्तिमा आधारित उपन्यास हुन् भन्न सकिन्छ। आपराधिक विषयको चित्रण उनका उपन्यासहरूको एउटा प्रमुख विशेषता हो भन्ने आधारहरू उपन्यासमा पाइन्छन्। सामाजिक जीवनका विविध क्रियाकलापहरूमा अपराध एउटा अभिन्न अङ्ग जस्तै भएको देखिन्छ। यसै अपराधवृत्तिका आधारमा उनका औपन्यासिक कृतिहरूको विश्लेषण र मूल्याङ्कन हुनु आवश्यक छ। उनका उपन्यासहरूमा भएका घटनाहरू अपराधवृत्तिसित जोडिएर बसेका देखिन्छन्। उनका उपन्यासहरूमा राजनैतिक अपराध, सामाजिक अपराध, धार्मिक अपराध, यौनजन्य अपराध, श्वेतवसन अपराध, सङ्गठित अपराध र आर्थिक अपराध निहित छन् तापनि उनका उपन्यासमा पाइने अपराधवृत्तिको चित्रणमै केन्द्रित भई विशद् अध्ययन अद्यावधि भएको पाइँदैन। वस्तुतः अपराध र अपराधवृत्तिलाई लिएर उनका उपन्यासहरूको मूल्याङ्कन गरिनु आवश्यक देखिन्छ। पूर्वकार्यको सर्वेक्षणबाट पनि के स्पष्ट छ भने दाहालका उपन्यासहरूको अध्ययन अपराधवृत्तिलाई मूल विषय बनाएर गरिएको छैन। यसै विषयलाई शोधको समस्याका रूपमा ग्रहण गरी यस विषयमाथि गहन अध्ययन गरिनु आवश्यक रहेको ठान्दै शोध कार्यको औचित्य पनि यसैमा निहित छ भनी मानिन्छ।

## १.६ शोधविधि

शोधविधिको विवरण शोधको महत्त्वपूर्ण अङ्ग हो। यस शोधकार्यमा ग्रहण गरिएको अध्ययन-विश्लेषणको सैद्धान्तिक आधार तथा सामग्री सङ्कलन विधि निम्न प्रकारका छन्–

### १.६.१ अध्ययन-विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्य भीम दाहालका उपन्यासहरूमा पाइने अपराधवृत्तिको अध्ययनमा केन्द्रित रहेकाले अपराधसँग सम्बन्धि आर्थिक पक्ष, राजनैतिक पक्ष, धार्मिक पक्ष, सामाजिक पक्ष जस्ता विविध विषयका आधारमा उपन्यासहरूको अध्ययन गरिने छ। अध्ययनका क्रममा औपन्यासिक पृष्ठभूमिमा रहेका आपराधिक सन्दर्भ र उपन्यासले स्थापित गरेको अपराध सम्बन्धी पक्षलाई पनि हेरिने छ। यस क्रममा विभिन्न अध्येताहरूले अपराध र अपराधवृत्तिसँग सम्बन्धित विषयबारे प्रकट गरेका विचार र धारणाको सहयोग लिइने छ। यस शोधकार्यमा अध्ययनका निम्ति चयन गरिएका भीम दाहालका तीनवटा उपन्यासहरू नै शोधकार्य अध्ययनको परिधिभित्र राखिने छ। प्रस्तुत शोधप्रबन्धको विश्लेषण मुख्यतः गुणात्मक शोधविधिका आधारमा गरिने छ। आवश्यकता अनुसार कतिपय ठाउँमा मिश्र विधि पनि ग्रहण गरिने छ।

### १.६.२ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य मूलतः पुस्तकालयमा आधारित रहेको छ। शोधविषयसँग सम्बद्ध द्वितीय स्रोतका सामग्री शोधकर्ताले पुस्तकालयीय विधिद्वारा विभिन्न पुस्तक, शोध प्रबन्ध, लेख, पत्र-पत्रिका तथा विभिन्न वेबसाइटद्वारा सङ्ग्रह गरेको छ। प्रस्तुत शोधकार्यसँग सम्बन्धित कतिपय प्राथमिक सामग्री शोधकर्ताले अन्तर्वार्ताद्वारा सङ्कलन गरेको छ। शोधको विषय र क्षेत्रबारे जानकारी राख्ने अध्येताहरूसँग सम्पर्क गरेर अन्तर्वार्ता र प्रश्नावली विधिका माध्यमद्वारा प्राथमिक सामग्री सङ्कलन गरिएको छ। यस शोधप्रबन्धमा वर्णविन्यासका लागि हेमाङ्गराज अधिकारीद्वारा सम्पादित

**प्रयोगात्मक नेपाली शब्दकोश** (वि सं २०६६) अनि पाद टिप्पणी र सन्दर्भ सूचीका लागि **नेपाली लेखन शैली** (ई सं २०११) लाई आधार मानिएको छ।

## १.७ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्य अपराधवृत्तिलाई मूल विषय बनाएर लेखिएका भीम दाहालका तीनवटा उपन्यासहरूमा केन्द्रित रहेको छ। भीम दाहालको देहावसान भइसके तापनि उनका केही अन्य कृतिहरु प्रकाशोन्मुख रहेको तथ्य उनको परिवारका पक्षबाट थाहा लागेको छ। प्रस्तुत शोध प्रबन्धमा भीम दाहालका तीनवटा उपन्यासहरूको अध्ययन-विश्लेषण अपराधवृत्तिका आधारमा गरिएको एवम् अध्ययनलाई समयसीमा र क्षेत्रसीमा अन्तर्गत राख्नुपर्ने हुँदा उनका उपन्यास विद्रोहको प्रकाशन काल ई सं २००५ सम्म यो अध्ययन केन्द्रित तथा सीमित रहेको छ।

## १.८ शोधप्रबन्धको साङ्गठिक रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई छवटा अध्यायमा विभाजन गरी विषयको अध्ययन गरिएको छ।

**शोध परिचय** शीर्षक रहेको पहिलो अध्यायमा शोधकार्यको परिचय राखिएको छ। यस अध्यायमा शोधचप्रबन्धको शीर्षक, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको आवश्यकता र औचित्य, शोधविधि, शोधकार्यको क्षेत्र र सीमा, शोधप्रबन्धको साङ्गठिक रूपरेखा र भावी शोधकर्तालाई सुझाउ जस्ता नौवटा उपशीर्षकहरू राखिएका छन्।

**भीम दाहालको व्यक्तित्व र कृतित्व** शीर्षक रहेको दोस्रो अध्यायमा भीम दाहालको व्यक्तित्व, भीम दाहालको जन्म, शिक्षा र व्यवसाय, राजनीतिक जीवन, उनको साहित्यिक व्यक्तित्व अन्तर्गत उपन्यासकारका रूपमा, कथाकारका रूपमा, कविका रूपमा र अन्य विविध लेखादिका लेखक र सम्पादक रूपमा उनको चर्चा गरिएको छ। यसै अध्यायमा सिक्किमेली नेपाली साहित्यको परम्परा र विकास, सिक्किमेली नेपाली उपन्यासको विकासमा भीम दाहालको योगदान एवम् भीम

दाहालका उपन्यासहरूको तात्त्विक विश्लेषण र मूल्याङ्कन गर्दै अन्तमा यस अध्यायको निष्कर्ष राखिएको छ।

**अपराधको सैद्धान्तिक अवधारणा** शीर्षक रहेको तेस्रो अध्यायमा शोधकार्यको सैद्धान्तिक आधारबारे चर्चा गरिएको छ। प्रस्तुत शोधकार्य अपराधवृत्तिमा आधारित भीम दाहालका उपन्यासहरूको अध्ययनमा केन्द्रित रहेको हुनाले यस अध्यायमा अपराधको स्वरूपगत अवधारणा बारे चर्चा गरिएको छ। विभिन्न शब्दकोश र इन्साइक्लोपिडियाहरूले दिएका अपराध र अपराध विज्ञानको अर्थ र परिभाषा एवम् अपराधशास्त्री तथा यस विषयका अध्येताहरूले अपराधबारे दिएका परिभाषा र विचारका आधारमा अपराधवृत्तिबारे बुझ्ने प्रयास गरिएको छ। यस अध्यायमा अपराधको कारण, अपराधका प्रकार र अपराध विज्ञान अध्ययनका विभिन्न सम्प्रदायहरूबारे पनि चर्चा गरिएको छ। अपराध समाजको देन हुनाले समाज र अपराधको सम्बन्धबारे सङ्क्षिप्तमा चर्चा गरिएको छ। यसै अध्यायमा अपराधलाई विवेचना गरिने धारणाहरू, भारतीय पेनल कोडका आधारमा अपराध, अपराधसम्बन्धी अध्ययन-चिन्तनको सिद्धान्त, सम्प्रदाय र व्याख्या, दण्ड सम्बन्धी सिद्धान्त, क्षतिग्रस्त व्यक्ति वा पीडित पक्षको वर्गीकरण जस्ता उपशीर्षकहरु राखेर अपराधको सैद्धान्तिक अवधारणाबारे चर्चा गरेर अन्तमा यस अध्यायको निष्कर्ष पनि राखिएको छ।

**भीम दाहालका उपन्यासमा पाइने अपराधवृत्तिको विश्लेषणात्मक अध्ययन** शीर्षक रहेको चौथो अध्याय यस शोधप्रबन्धको मूल अध्याय हो। यस अध्यायमा विषय अनुसार भीम दाहालका तीनवटा उपन्यासहरूको अध्ययन गरिएको छ। यी उपन्यासहरूमा वर्णित आपराधिक विषयहरूलाई सैद्धान्तिक खाँचामा राखेर विषयको विश्लेषण गर्ने काम यस अध्यायमा भएको छ। अन्तमा यस अध्यायले प्रस्तुत गरेको निष्कर्षलाई बुँदागत रूपमा राखिएको छ।

**अपराध आख्यानका रूपमा भीम दाहालका उपन्यासहरूको मूल्याङ्कन** शीर्षक रहेको पाँचौँ अध्यायमा अपराध आख्यानको पारिचय र परिभाषा दिँदै भीम दाहालका तीनवटा उपन्यासमा वर्णित आपराधिक इतिवृत्तको मूल्याङ्कन गरिएको छ। यस अध्यायमा अपराध आख्यानको सैद्धान्तिक मानदण्ड अपराधमूलक घटना, घटनाको रूप, घटनाको कारण र घटनाको परिणाम जस्ता बुँदाहरूका आधारमा उनका उपन्यासहरूको विवेचना गरी मूल्याङ्कन गरिएको छ।

**उपसंहार र निष्कर्ष** शीर्षक रहेको छैटौँ अध्याय शोधप्रबन्धको अन्तिम अध्याय हो। उपसंहारमा प्रस्तुत शोधप्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको साररूप राखिएको छ भने निष्कर्ष अन्तर्गत प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा राखिएको छ।

शोध प्रबन्धको अन्तमा यस शोधकार्यमा प्रयोग गरिएका प्रमुख सन्दर्भ ग्रन्थको सूची वर्णानुक्रममा राखिएको छ।

छवटा अध्यायमा विभाजित शोधप्रबन्धको सङ्गठन निम्न प्रकारको हुने छ-

अध्याय एक - **शोध परिचय**

अध्याय दुई - **भीम दाहालको व्यक्तित्व र कृतित्व**

अध्याय तीन - **अपराधको सैद्धान्तिक अवधारणा**

अध्याय चार - **भीम दाहालका उपन्यासमा पाइने अपराधवृत्तिको विश्लेषणात्मक अध्ययन**

अध्याय पाँच - **अपराध आख्यानका रूपमा भीम दाहालका उपन्यासहरूको मूल्याङ्कन**

अध्याय छ - **उपसंहार र निष्कर्ष**

## १.९ भावी शोधकर्तालाई सुझाउ

अपराधका सन्दर्भमा लेखिएका नेपाली उपन्यासबारे अध्ययन गर्नु पर्दा भावी शोधकर्ताका निम्ति निम्न विषयहरू प्रस्तावित गरिन्छ–

क) अपराध आख्यानका दृष्टिले आधुनिक भारतीय नेपाली उपन्यासहरूको अध्ययन

ख) नेपाली अपराध उपन्यासहरूमा वर्णित पीडित पक्षको अध्ययन।